# बायोग्यास प्लान्ट निर्माणमा थोक कर्जा लगानी गर्न इच्छुक लघु वित्त तथा सहकारी संस्थाहरुलाई दरखास्त आव्हानको सूचना

**प्रथम पटक कान्तिपुर दैनिक पत्रिकामा प्रकाशित मिति २०७४/१२/१२**
**दोस्रो पटक गोरखापत्र दैनिक पत्रिकामा प्रकाशित मिति २०७४/१२/१३**

नेपाल राष्ट्र बैंकबाट लघु वित्त सम्बन्धी कारोबार गर्न स्वीकृत प्राप्त गरेका लघुवित्त संस्थाहरु तथा सहकारी ऐन २०७४ अन्तर्गत दर्ता भएका स्थानिय सहकारी संस्थाहरु मार्फत बायोग्यास प्लाण्ट जडान/निर्माण हुन सक्ने क्षेत्रका उपभोक्तालाई लाभान्वित हुने गरी बायोग्यास प्लाण्ट निर्माण गर्न सर्वसुलभ रुपमा सहुलियत दरको थोक कर्जा रकम उपलब्ध गराउने व्यवस्था भएकाले इच्छुक लघु वित्त तथा सहकारी संस्थाहरुलाई यो सूचना प्रकाशित भएको मितिले **३५** दिन भित्र सम्बन्धित संस्थाहरुबाट दरखास्त आव्हान गरिन्छ ।

यस केन्द्रबाट तोकिएको निर्धारित मापदण्डहरुको आधारमा नेपाल भरिबाट **३** वर्ष कार्य अवधि पुरा गरी संचित मुनाफामा रहेका, **९०** प्रतिशत भन्दा बढी कर्जा असुली दर भएका, नेपाल राष्ट्र बैंक तथा नेपाल सरकारको कुनै पनि निकायबाट कालोसूचीमा नपरेका संस्थाहरुलाई मात्र छनौट गरिने छ । केन्द्रले लघु वित्त संस्थालाई संचालकहरुको सामूहिक जमानतमा तथा सहकारी संस्थाहरुलाई बैंक जमानत पेश गरेमा वा केन्द्रबाट सुचिकृत भएका बायोग्यास कम्पनीको जमानत पेश गरेमा वा केन्द्रको नाममा घर तथा जग्गा रोक्का पत्र पेश गरेका आधारमा मात्र कर्जा प्रदान गरिने ।

बायोग्यास (साना तथा ठूला क्षमताका) प्लाण्टमा कर्जा प्रदान गर्दा केन्द्रले पूर्व स्वीकृत गरेको वार्षिक कोटेशन दररेट वा केन्द्रले स्वीकृत गर्ने विस्तृत संभाव्यता अध्ययन प्रतिवेदन बमोजिम कूल स्वीकृत लागतको बढीमा ५० प्रतिशत सम्म मात्र वित्तिय संस्थाहरु मार्फत कर्जा प्रदान गरिने छ । तर यस्तो कर्जा व्यवसायिक रुपमा ग्यास बिक्री गर्ने प्रयोजनार्थ स्थापना गरिने प्लाण्टहरुमा प्रदान गरिने छैन । अन्य थप मापदण्ड तथा कर्जा लगानीका प्रक्रियाहरु एवं दरखास्त निवेदन फाराम केन्द्रको वेबसाईट **www.aepc.gov.np** मा हेर्न र प्राप्त गर्न सकिनेछ । साथै दरखास्त निवेदन पहिलो दर्ता हुनेलाई पहिलो प्राथमिकता **(First Come First Serve Basis)** का आधारमा निवेदन प्राप्त हुनासाथ मूल्याङ्कन प्रकृया अगाडि बढाईने छ ।

**दरखास्त फाराम प्राप्त एवं पेश गर्ने स्थान :**


नेपाल सरकार
**ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय**
**वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र**
**बायोग्यास कर्जा ईकाइ (BCU)**
खुमलटार, ललितपुर, नेपाल ।
फोन नं.: ०१-५५३९३९०, ५५३९३९१. Ext. no. : 555 & 554,
फ्याक्स नं.: ०१-५५३५७८२,
ईमेल:dharma.dulal@aepc.gov.np, raju.ghimire@aepc.gov.np

**नेपाल सरकार**
**उर्जा, जलस्रोत तथा सिचांई मन्त्रालय**
**वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र**

**कृपया बायोग्याँस कर्जाको लागि आवेदन फाराम पेश गर्दा तपशिलमा उल्लेख भएका कागजातहरु संलग्न गरेर मात्र निवेदन दिनुहोला ।**

**(प्राप्त तथ्यांकहरु गोप्य रहने छन्)**

**चिन्ह √ लगाउनु होला:** नयाँ कर्जा / थप कर्जा
मितिः................................

श्रीमान कार्यकारी निर्देशक ज्यूँ
वैकल्पिक उर्जा प्रबर्द्धन केन्द्र
खुमलटार, ललितपुर ।

विषयः **बायोग्याँस कर्जाको लागि आवेदन तथा कागजातहरु पेश गरिएको बारे ।**

महोदय,

उपरोक्त सम्बन्धमा वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रको नीति, नियम, निर्देशनका साथै यस पछि हुने सम्झौता समेतको पूर्ण रुपमा पालना गर्ने गरी यस संस्थाले आ.व..........................मा बायोग्यास प्लाण्ट निर्माण गर्नका लागि केन्द्रले तोकेको मापदण्ड बमोजिम् हुने गरी कर्जा रु.............................. (अक्षरुपी ....................................................................................) मात्र माग गरी लगानी गर्ने लक्ष्य लिएको हुँदा कर्जा स्वीकृतीको लागि श्रीमान् समक्ष अनुरोध गर्दछु, । साथै वायोग्याँस कर्जा रकम प्राप्त गर्न तपशिलमा उल्लेखित आवश्यक कागजातहरुका साथ वायोग्याँस कर्जा आवेदन फारामका सबै पेजमा प्रमाणित गरी यसै निवेदनमा संलग्न गरी पठाएकाछौ । यदि सो अनुसारका कागजातहरु अपुरो/अस्पष्ट भएमा वा भर्नु पर्ने कर्जा आवेदन फाराम समेत अधुरो भई केन्द्रले फाईल फिर्ता पठाएमा सो को जिम्मेवार संस्था आफै नै हुने व्यहोरा समेत जानकारी गराउंदछौं ।

**तपशिल,**

| क्र.सं. | बायोग्यास कर्जाको लागि आवेदनका साथ संलग्न गर्नुपर्ने कागजातहरु | फाईलमा संलग्न छ/छैन |
|---|---|---|
| १ | केन्द्रबाट तोकिएको अनुसुचि १ बमोजिमको वायोग्याँस कर्जा आवेदन फाराम । | |
| २ | संस्था दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्ने छ । | |
| ३ | संस्था दर्ता नविकरण पत्रको प्रमाणित प्रतिलिपि (गैरसरकारी संस्थाको हक्मा) पेश गर्नु पर्ने छ । | |
| ४ | संस्थाको बिधान, प्रबन्ध पत्र वा नियमावलीको प्रमाणित प्रतिलिपी पेश गर्नु पर्ने छ । | |
| ५ | **संचालक समितिको बैठकले निर्णय गरी पेश गर्नुपर्ने प्रमाणित प्रतिलिपी कागजातहरुः**<br>क. केन्द्रसंग कर्जा माग गर्ने सम्बन्धमा संचालक समितिबाट भएको निर्णय (माग गरेको कर्जा रकम स्पष्ट उल्लेख भएको हुनुपर्ने) ।<br>ख. सहकारी संस्थाको हकमा केन्द्रलाई कर्जा जमानतका लागि पेश गर्ने धितोको विवरण बैंक जमानत वा केन्द्रबाट सुचिकृत भएका बायोग्यास कम्पनीको जमानत वा केन्द्रको नाममा घर तथा जग्गा रोक्का गरेको पत्र मध्ये कुनै एक पेश गर्ने बारेको निर्णय ।<br>ग. यदि घर तथा जग्गा भए सोको विवरण कर्जा आवेदन फर्मको **ग** नं. बुंदा पुर्ण रुपले भर्ने र सोही विवरण मान्यूटमा खुलाउने ।<br>घ. केन्द्रले माग गरेको समयमा उक्त रोक्का पत्र उपलब्ध गराउने बारेको प्रतिवद्धता पत्र पेश गर्ने । | |
| ६ | संस्थाको विगत ३ (तिन) बर्षको लेखा परिक्षण प्रतिवेदन (नाफा नोक्सान, वासलात र आम्दानी खर्च बिवरण आदी समेत) को प्रमाणित प्रतिलिपी/तर थप कर्जाको लागि भने अन्तिम २ (दुई) बर्षको लेखा परिक्षण प्रतिवेदनको प्रमाणित प्रतिलिपी एंव निवेदन पेश गर्नु भन्दा अघिल्लो मसान्त सम्मको मासिक विवरण समेत पेश गर्नुपर्ने छ । | |
| ७ | कर्जा माग गर्ने संस्थाको भौगोलिक कार्यक्षेत्र भित्र वायोग्याँस प्लाण्ट जडान हुन सक्ने संभाव्यताको अध्ययन गरि सोको विवरण अनुसुची १६ बमोजिम् फाईलमा संलग्न गर्नु पर्ने छ । | |
| ८ | सम्बन्धित संस्थाले अन्य संघ/संस्थावाट कर्जा लिएको भए सो कार्यालय संग गरेको कर्जा लगानी असुली सम्बन्धको साख सुचनाको सक्कल पत्र अनिवार्य पेश गर्नु पर्ने । | |
| ९ | प्यानको प्रमाण पत्र र अन्तिम आ.व.मा कर चुक्ता गरेको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्ने छ । | |
| १० | नेपाल सरकार तथा नेपाल राष्ट्र वैंकको कुनै पनि निकायवाट कालोसूचीमा नपरेको भनि संचालकहरुले गरेको सामुहिक स्वःघोषणा संलग्न कर्जा आवेदन फर्ममा उल्लेख भएकोमा गर्नुपर्ने छ । | |
| ११ | दुग्ध उत्पादक सहकारी संस्थाले जिल्ला दुग्ध उत्पादक संघ तथा केन्द्रिय दुग्ध उत्पादक संघको सिफारीश पत्र अनिवार्य पेश गर्नु पर्ने छ । | |
| १२ | डिभिजन/सहकारी कार्यालयले सहकारी संस्था नियमित रुपमा सहकारी ऐन, नियम एवं मापदण्ड अनुरुप संचालन भए/नभएको व्यहोराको सिफारिसको सक्कल प्रति पेश गर्नु पर्ने छ । | |
| १३ | **कर्जा स्वीकृत भए पश्चात पेश गर्नुपर्ने कागजातहरुः**<br>क. संचालक समितिका पदाधिकारीहरुले स्वंय प्रमाणित गरेको नागरिक्ताको प्रमाणित प्रतिलिपी पेश गर्नुपर्ने छ ।<br>ख. फोटो सहितको तीन पुस्ते विवरण अनुसूची ८ बमोजिम् पेश गर्नुपर्ने छ ।<br>ग. लघुवित्त संस्थालाई संचालकहरुको सामुहिक जमानतका (संचालकहरुको सामुहिक जमानत तमसुक केन्द्रले तोकेको प्रतिनिधीको रोहबरमा गरेको हुनु पर्ने) आधारमा र सहकारी संस्थाको हकमा सामुहिक जमानतका अतिरिक्त केन्द्रवाट माग गरेको ऋण रकम खाम्न सक्ने बराबरको अचल सम्पत्ति धितो केन्द्रको नाममा रोक्का राखेको पत्र वा बायोग्यास कम्पनी जमानत ( कम्पनीको संचालक समितिले अधिकार प्रत्यायोजन गरेको निर्णय एंव पत्र समेत) पत्र वा बैंक जमानत पत्र पेश गरेको हुनुपर्ने । | |

दस्तखत :...............................
नाम :...............................
पद :...............................
संस्थाको छाप :.............................

| १. संस्थाको परिचय : | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| संस्थाको पूरा नाम | : | | | | | | |
| पत्राचार गर्ने पूरा ठेगाना | गा..पा. /न.पा. | : | | | | वडा नं. | : |
| | टोल | : | जिल्ला | : | | कार्यालय सम्पर्क नं. | : |
| सम्पर्क व्यक्ति (१) अध्यक्षको नाम | : | | | | | सम्पर्क नं.: | |
| सम्पर्क व्यक्ति (२) व्यवस्थापकको नाम | : | | | | | सम्पर्क नं.: | |
| ई-मेल | : | | | | | दर्ता भएको कार्यालय | : |
| दर्ता नं. | : | | | | | दर्ता मिति | : |
| पान नं. | : | | | | | संचालन मिति | : |
| कार्यालय खुल्ने समय | : | | | | | | |
| ने.रा.बैंकबाट वचत तथा ऋण कारोवार गर्न स्वीकृत प्राप्त मिति (यदि भएमा) | | | | | | : | |
| स्वीकृत कार्य क्षेत्रको विवरण जिल्ला | : | | गा.पा. /न.पा. | : | | वडा नं. | : |

**क) संस्थाको संस्थागत विवरण :**

२. संस्थामा नियमित मुख्य रुपमा काम गर्ने कर्मचारीको विवरण :

| क्र.सं. | नाम | पद | बाबु/पतिको नाम | बाजे/ससुराको नाम | सम्पर्क नं. |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

३. कुनै निकायबाट संस्थाले कुनै उत्कृष्ट कार्य गरी पुरस्कार, प्रशंसा पत्र, अनुदान आदि पाएको भएमा सो खुलाउने

| क्र.सं. | मिति | पुरस्कार/प्रशंसापत्र/अनुदान दिने संस्थाको पूरा नाम र ठेगाना | पाएको प्रशंसा पत्र, पुरस्कार, अनुदानको विवरण |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

४. संस्थाबाट संचालक तथा लेखा समितिका सदस्यहरुले कर्जा लिएको विवरण:

| क्र. सं. | नाम | पद | शीर्षक | कर्जा रकम | बाँकि सावाँ | बाँकि व्याज | अन्तिम भूक्तानी मिति | नियमित | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | भएको | नभएको |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

५. कर्जाको वर्गीकरण: अन्तिम २ वर्षका ले.प प्रतिवेदन अनुसारका विवरण १ र २ मा भर्ने र ३ मा फर्म पेश गर्नु भन्दा अघिल्लो मसान्त सम्मको कर्जाको विवरण खुलाएर पेश गर्ने ।

| **कर्जाको विवरण** | **................आषाढ (१)** | **.............आषाढ (२)** | **................मसान्त (३)** |
|---|---|---|---|
| भाखा ननाघेको कर्जा | | | |
| भाखा नाघेको सांवा कर्जा १ वर्ष भन्दा कम | | | |
| भाखा नाघेको सांवा कर्जा १ वर्ष भन्दा बढी | | | |
| **जम्मा:** | | | |

दस्तखत :..............................
नाम :..............................
पद :..............................
संस्थाको छाप :.............................

| | | | |
|---|---|---|---|
| भाखा नाघेको कर्जा रकम जम्मा (साँवा) | | | |
| भाखा नाघेको कर्जा प्रतिशत | | | |

६. साख सूचना : ऋण लिएको अवस्थामा भर्ने संस्थाले कुन-कुन बैंक तथा वित्तिय संस्थाहरुबाट ऋण लिएको छ सो को विवरण खुलाउने

| **क्र.स.** | **संस्थाको नाम** | **लिएको ऋण** | | **नियमित बुझाएको छ/छैन** | **हाल बुझाउन बाँकी रकम** | **भुक्तानी अवधी** |
|---|---|---|---|---|---|---|
| | | **मिति** | **रकम** | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

**ख) सस्थाको वित्तीय विवरणः** अन्तिम ३ वर्षको ले.प. प्रतिवेदन बमोजिम्का विवरणहरु उल्लेख गर्नुपर्ने । **रु.हजारमा**

| **शीर्षक** | | **………………. आषाढ** | **………………. आषाढ** | **………………. आषाढ** |
|---|---|---|---|---|
| शेयर सदस्य संख्या | | | | |
| नेट वर्थ | शेयर पूंजी | | | |
| | जगेडा कोष | | | |
| | संचित नाफा (नोक्सान) | | | |
| | चन्दा अनुदान/अन्य | | | |
| | **जम्मा** | | | |
| नियमित वचत गर्ने सदस्य संख्या | | | | |
| कुल निक्षेप (बचत) | | | | |
| कुल ऋण लगानी | | | | |
| कुल ऋण असुली | | | | |
| कुल उठ्न बांकी ऋण | | | | |
| खराब कर्जा | | | | |
| जोखिम व्यहोर्ने कोषको रकम | | | | |
| कुल आम्दानी | व्याज | | | |
| | अन्य | | | |
| | जम्माः | | | |
| कुल खर्च | व्याज | | | |
| | कर्मचारी | | | |
| | अन्य संचालन खर्च | | | |
| | **जम्माः** | | | |
| पछिल्लो साधारण सभा बसेको मिति | | | | |
| विशेष साधारण सभा बसेको मिति | | | | |
| संचालकहरुको कार्यकाल समाप्त हुने मिति | | | | |
| यस भन्दा अगाडी केन्द्रसंग संस्थाले गरेको कर्जाको विवरण | लिएको कर्जा रकम | | | |
| | भूक्तानी गरेको कर्जा | | | |
| | भूक्तानी गर्न बाँकी कर्जा | | | |

दस्तखत :……………………………
नाम :……………………………
पद :……………………………
संस्थाको छाप :…………………………

| ग. आफ्नो/एकाघरको सदस्यको नाममा भएको अचल सम्पत्तिको विवरण | | | | | |
|---|---|---|---|---|---|
| जग्गा धनिको नाम | जिल्ला | गा.पा/न.पा. | वडा नं. | कित्ता नं. | क्षेत्रफल विगाहा/बर्ग मिटर |
| | | | | | |
| | | | | | |

**घ.व्यक्तिगत तथा सामुहिक स्वःघोषणा विवरणः**

हामी तपसीलमा उल्लिखित संस्थाका संचालकहरु आगे हाम्रो संस्थाले वैकल्पिक उर्जा प्रवर्धन केन्द्र अन्तर्गत बायोग्यास कर्जा शिर्षकमा ऋण लिन इच्छुक भएको हाम्रो संस्था तथा हामी संचालक सदस्यहरु कर्जा सूचना केन्द्र, सार्वजनिक खरिद अनुगमनको कार्यालय र नेपाल सरकार तथा नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेको संस्थावाट प्रचलित कानून वमोजिम कालोसूचीमा परेका छैन/छैनौ भनि हाम्रो मनोमानी राजी खुशी साथ स्वघोषणा गर्दै यस सामुहिक स्वःघोषणा पत्रमा दस्तखत गरेका छौं । यसमा पछि कुनै फरक परेमा कानून वमोजिम सहुँला बुझाउँला ।

**तपसील**

| क्र. सं. | नागरिक्ता अनुसारको नाम, थर | ना.प्र.नं | नागरिकता जारी | | पद | ठेगाना | मोवाईल नं. | दस्तखत |
|---|---|---|---|---|---|---|---|---|
| | | | जिल्ला | मिति | | | | |
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| ५ | | | | | | | | |
| ६ | | | | | | | | |
| ७ | | | | | | | | |
| ८ | | | | | | | | |
| ९ | | | | | | | | |
| १० | | | | | | | | |
| ११ | | | | | | | | |

उपरोक्त कर्जा माग निवेदनमा लेखिएका सबै व्यहोरा सही सत्य छन् । फरक छैन । फरक परेमा कानून बमोजिम सहुला बुझाउँला भनी सहीछाप गरी यो निवेदन वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रमा पेश गरेका छौं । कर्जा माग फाराममा उल्लिखित विवरणहरु परिवर्तन भएमा केन्द्रलाई तत्काल छिटो छरितो माध्यमबाट जानकारी गराउने छु/छौं ।

## आवेदन पेश गर्ने ठेगानाः

नेपाल सरकार, उर्जा, जलस्रोत तथा सिचांई मन्त्रालय
वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र
**बायोग्यास कर्जा ईकाइ** (BCU)
खुमलटार, ललितपुर, नेपाल ।
फोन न.: ०१-५५३९३९०, ५५३९३९१,Ext. no.:555 & 554, फ्याक्स नं.: ०१–५५३५७३२

दस्तखत :...............................
नाम :...............................
पद :...............................
संस्थाको छाप :.............................

# वित्तिय संस्थाहरुको छनौटका प्रमुख मापदण्डहरु :

१. लघुवित्त संस्था तथा सहकारी संस्थाहरुलाई मात्र ऋण लगानी गरिने छ । विधिपूर्वक सम्बन्धित निकायमा दर्ता भई बचत तथा ऋण सम्बन्धि कारोवार गर्दै आएको हुनुपर्ने छ ।

२. गैर सरकारी संस्थाको हकमा नेपाल राष्ट्र बैंकबाट **"वित्तिय मध्यस्थताको काम गर्ने संस्था सम्बन्धि ऐन"** अर्न्तगत अनुमति प्राप्त गरेको हुनु पर्ने छ ।

३. संस्थाको विनियम तथा विधानमा **बचत गर्न सक्ने, ऋण लिन सक्ने र ऋण लगानी गर्न सक्ने** भनी स्पष्ट रुपमा उल्लेख भएको हुनु पर्नेछ । यदि बचत तथा ऋण सम्बन्धि कारोवार गर्दै आएको दुग्ध उत्पादक सहकारी संस्थाको विनियम तथा विधानमा उपर्युक्त कुराहरु उल्लेख नभएता पनि कर्जाको लागि केन्द्रिय दुग्ध उत्पादक सहकारी संघ एंव जिल्ला दुग्ध उत्पादक सहकारी संघको सिफारीश अनिवार्य पेश गर्नुपर्ने छ ।

४. कर्जा माग गर्ने वित्तिय संस्थाको भौगोलिक कार्यक्षेत्रमा वायोग्याँस प्लाण्ट जडान हुन सक्ने संभाव्यता अध्ययन गरि सम्बन्धित संस्थाले ईच्छुक उपभोक्ताहरुको नामावली संकलन गरी कर्जा आवेदनसंगै पेश गरेको हुनुपर्ने छ ।

५. सम्बन्धित डिभिजन सहकारी कार्यालयले संस्थाको कार्यालय नियमित रुपमा सहकारी ऐन, नियम एवं मापदण्ड अनुरुप संचालन भएको व्यहोराको सिफारिस गरेको हुनुपर्नेछ ।

६. सम्बन्धित संस्थाले अन्य संघ/संस्थावाट कर्जा लिएको भए सो कार्यालय संग गरेको कर्जा लगानी असुली सम्बन्धको साख सुचना पत्र अनिवार्य पेश गरेको हुनुपर्ने छ ।

७. <u>**संस्थाको विगत ३ (तिन) वर्षको वित्तिय कारोवारको अवस्था**:</u>

- संस्थाको शेयर सदस्य संख्या तथा शेयर पूँजी, जगेडा कोष, सञ्चित मुनाफा(नोक्सान) र अनुदान ।
- संस्थाको सक्रिय सदस्य संख्या, निक्षेप कारोबार तथा औसत बचत र यसका प्रक्रियाहरु
- ऋणी सदस्य संख्या, कूल ऋण लगानी तथा असुली कारोवार, औसत ऋण, उठ्न बांकी ऋण र यसका प्रक्रियाहरु
- भाखा नाघेको कर्जा र यसका असुली प्रक्रियाहरु
- नाफा तथा नोक्सान (अन्तिम २ वर्ष खुद नाफा गरेको हुनु पर्ने)
- संस्थाको कूल सम्पत्ति
- संस्थाको **Operational Self-Sufficiency (OSS)** तथा **Financial Self-Sufficiency (FSS)** को अवस्था ।
- संस्थाले कुनै उत्कृष्ट कार्य गरी पुरस्कार, प्रशंसा पत्र आदि पाएको भएमा त्यस्ता कृयाकलापहरुको समेत मुल्याँङ्कन गरीने छ ।

८. संस्थाको कर्जा असुली दर कम्तिमा **९०%** (प्रतिशत) हुनु पर्नेछ र भाखा नाघेको कर्जा **१०%** (प्रतिशत) भन्दा बढी हुन नहुने ।

९. संस्थाको लेखा प्रचलित लेखा प्रणाली अनुसार राखी बाह्य लेखा परिक्षकद्धारा निश्चित समयमा लेखा परिक्षण गराई कर चुक्ताको प्रमाण पत्र पेश गरेको हुनु पर्नेछ ।

१०. नेपाल राष्ट्र बैक तथा नेपाल सरकारको कुनै पनि निकायवाट कालोसूचीमा नपरेको भनि संचालकहरुले कर्जा आवेदन फाराममा उपलब्ध गराएको सामुहिक **स्वःघोषणा** नमुनामा सहि छाप गरेको हुनुपर्ने छ ।

११. कर्जा माग गर्ने वित्तिय संस्था अन्य संघ संस्थाको खराब सुचिमा सूचिकृत नभएको हुनु पर्नेछ ।

१२. संस्थाका संचालक पदाधिकारीहरुले संस्थाबाट सके सम्म ऋण नलिएको हुनुपर्ने छ ।

१३. कर्जा माग गर्ने संस्थाले माथि उल्लिखित मापदण्डका अतिरिक्त कर्जा आवेदन फाराममा उल्लेख भएका सबै कागजातहरु पेश गरेको हुनुपर्ने छ ।

# केन्द्रको बायोग्यांस कर्जा लगानी प्रकृयाहरु :

१. लघुवित्त संस्था तथा सहकारी संस्थाहरु मार्फत मात्र बायोग्यास प्लाण्ट निर्माणका लागि थोक कर्जा प्रदान गरिने छ । तर यस्तो कर्जा प्रदान गर्दा व्यवसायिक रुपमा ग्यांस विक्रिी गर्ने प्रयोजनार्थ स्थापना गरिने प्लाण्टहरुलाई प्रदान गरिने छैन ।

२ बायोग्याँस कर्जा कार्यक्रम अर्न्तगत छनौट भएका लघु वित्त संस्था तथा सहकारीहरुसंग मात्र वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रले बायोग्यांस कर्जा सम्झौता गरी कर्जा प्रवाह गर्नेछ ।

३. स्वीकृत भएको कर्जा सम्बन्धित संस्थाले **३** महिना भित्रमा केन्द्रसंग बायोग्यास कर्जा सम्झौता गरि सकेको हुनुपर्ने छ र सोही मितिले **१२** महिना भित्रमा वायोग्याँस प्लाण्ट निर्माणमा लगानी गरी सोधभर्ना समेत लिई सक्नु पर्ने छ, अन्यथा केन्द्रको नियमानुसार स्वतः बांकी कर्जा रोक्का हुनेछ ।

४. छनौट भएका संस्थाहरुलाई केन्द्रले वार्षिक **६**% ब्याजदरमा कर्जा प्रदान गर्नेछ ।

५. संस्थाले कृषकहरुबाट वार्षिक **१४**% भन्दा बढी ब्याज लिन पाईने छैन ।

६. घरयासी बायोग्यासको हकमा (१० घनमिटर सम्मको) केन्द्रले पूर्व स्वीकृत गरेको बार्षिक कोटेशन दर रेटको आधारमा तथा ठूला बायोग्यासको हकमा (१० घनमिटर भन्दा ठूलालाई) केन्द्रले स्वीकृत गर्ने वृस्तित संभाव्यता अध्ययन प्रतिवेदन बमोजिम् कूल स्वीकृत लागतको ५० प्रतिशत सम्म मात्र ऋण लगानी गर्ने । यस्तो दररेट वार्षिक कोटेसन दररेट भन्दा बढी हुने देखिएमा, त्यसलाई समेत वार्षिक दररेट निर्धारण समितिले स्वीकृत प्रदान गर्नु पर्ने छ ।

७. एक वा एक भन्दा बढी बायोग्यास कम्पनीले एकै सहकारी मार्फत फरक फरक ऋणीहरुको लागि जमानत दिएर पनि केन्द्रसंग ऋण माग गर्न सक्ने छन् । तर त्यस्तो जमानतमा केन्द्रले तोकेको सिमा भन्दा बढी कर्जा स्विकृत गरिने छैन ।

८. केन्द्रले लघु वित्त संस्थालाई संचालकहरुको सामुहिक जमानतमा तथा सहकारी संस्थालाई देहायका निम्न शर्तका आधारमा बढीमा रु.५० लाख सम्म मात्र कर्जा प्रदान गर्नेछ ।

   क. वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र (AEPC) बाट बायोग्यास प्लाण्ट निर्माण गर्न सूचिकृत भएका कम्पनीको विगत वर्षको Audited वित्तिय विवरण हेरेर सम्बन्धित कम्पनीले सहकारी संस्थाको ऋण रकमलाई ग्यारेण्टी गरेको आवस्थामा वा,

   ख. संचालक वा एकाघरको परिवारका नाममा भएको घर तथा जग्गा केन्द्रवाट ऋण लिन कवुल गरेको रकमलाई खाम्न सक्ने गरी AEPC को नाममा रोक्का गरेर दिएमा वा,

   ग. बैंक ग्यारेण्टी पेश गरेमा वा,

   घ. ऋण लिने सदस्य वा एकाघरको परिवारका नाममा भएको जग्गा सोझै AEPC को नाममा रोक्का राखेमा

९. केन्द्रको नाममा रोक्का राखिएको जग्गाको बजार मूल्याङकन एंव सरकारी मूल्याङकनको आधारमा मात्र कर्जा स्वीकृत गरिनेछ ।

१०. केन्द्रले कर्जा स्वीकृत भएका वित्तिय संस्थालाई शुरुमा स्वीकृत कर्जाको बढीमा **५०%** सम्म प्रथम किस्ता वापत कर्जा उपलब्ध गराउने छ ।

११. लघु वित्त तथा सहकारी संस्थाले केन्द्रबाट प्राप्त प्रथम किस्ता कर्जा रकम वा संस्थाको आफ्नै स्रोतबाट वायोग्याँस प्लाण्ट निर्माणमा कर्जा लगानी गरी संलग्न अनुसुचि (**सम्झौता पश्चात उपलब्ध गराईने**) अनुसार सोको सोधभर्ना केन्द्रसंग माग गर्नुपर्ने छ ।

१२. केन्द्रले संस्थाको नाममा स्वीकृत भएको कर्जा रकममा नबढाई पटक पटक गरी संस्थालाई सोधभर्ना उपलब्ध गराउने छ ।

१३. कर्जा सोधभर्ना माग फाराम अनुसुची ........र भौतिक संरचना सम्पन्न भएको विवरण अनुसुची ........ बमोजिम् केन्द्रमा प्राप्त भएका निवेदन बमोजिम् सोधभर्ना उपलब्ध गराउने छ । तर केन्द्रले आवश्यक ठानेमा स्थलगत निरीक्षण गरेपछि मात्र सोधभर्ना प्रदान गर्न सक्ने छ ।

१४. केन्द्रसंग गरेको बायोग्यास कर्जा सम्झौता बमोजिम वायोग्याँस प्लाण्ट निर्माणमा कर्जा प्रवाह नगरेको वा भाखा नाघेको पाईएमा केन्द्रले कुनै पनि समयमा बांकी रकम रोक्का गरी संस्थाबाट उठ्न बाँकी रहेको सम्पूर्ण कर्जा रकम केन्द्रको नियमानुसार भूक्तानी गराउन सक्ने छ ।

१५. वायोग्याँस प्लाण्ट निर्माण गर्दा लाग्ने कुल कर्जा लगानीको कम्तिमा पनि **२०**% सम्बन्धित संस्थाले आफ्नै स्रोतबाट कर्जा थप गरि लगानी गर्नु पर्ने छ ।

१६. वित्तिय संस्थाले चौमासिक किस्ता बन्दी (**४/४ महिना**) मा केन्द्रबाट दिएको भूक्तानी तालीका बमोजिम सोधभर्ना प्रदान गरेको मितिले वढीमा **३६** महिना भित्र सम्पूर्ण कर्जा रकम चुक्ता गर्नु पर्ने छ ।

१७ वित्तिय संस्थाले चौमासिक अनुसार अनुसुची ......... बमोजिम्को फाराममा प्रगति विवरण भरी पठाउनु पर्ने छ, अन्यथा थप सोधभर्ना किस्ता रकम लगानी गरिने छैन ।

१८. वित्तिय संस्थाले केन्द्रलाई बुझाउनु पर्ने किस्ता रकम भूक्तानी तालीका बमोजिम समयमा नबुझाएमा भाखा नाघेको किस्ता रकममा वार्षिक **३**% को दरले थप हर्जाना ब्याज लाग्नेछ । र यदी भाखा नाघेको तेस्रो वर्षको अन्त्य सम्ममा पनि उक्त संस्थाले सो कर्जा चुक्ता नगरेमा केन्द्रले सरकारी विगो सरह असुल उपरको थप कानूनी कारवाही अगाडी बढाउनेछ ।

१९. संस्थाले स्वीकृत कर्जाको लागि संचालकहरुको नागरीकता प्रमाण पत्रको प्रतिलिपी र पासपोर्ट साईजको फोटो १/१ प्रति अनिवार्य पेश गर्नु पर्नेछ ।

२०. जग्गाको मूल्यांकन गर्दा AEPC ले तोकेको मूल्यांकन मापदण्ड बमोजिम् हुने छ ।

२१. वित्तिय संस्थाले प्राप्त गरेको कर्जा रकम केवल वायोग्याँस प्लाण्ट निर्माणमा मात्र लगानी गर्नु पर्ने छ ।

अनुसूची - १६

# बायोग्यास प्लाण्ट निर्माण गर्न ईच्छुक उपभोक्ताहरुको नामावली विवरणः

| क.सं. | ना.प्र.नं. | नाम, थर | पुरा ठेगाना | सम्पर्क नं. अनिवार्य | बुवाको नाम | बाजे/ससुरा बुबा को नाम | पति/पत्निको नाम | परिवार संख्या | प्लाण्ट क्षमता | वार्षिक आम्दानी | उपभोक्ताको आफ्नो लगानी | संस्थासंग माग गरेको कर्जा रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| **जम्माः** | | | | | | | | | | | | |